का.जि.प्र.का.द.नं. १००/०५९/६०

७ असोज २०७९,
शुक्रबार
23 September 2022,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २३० । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# नागरितामा एमालेको दोहोरो भूमिका

एमालेका नेताकार्यकर्ता राष्ट्रपति भण्डारीको कदम सही भएको भन्दै सडकमै ओर्लिएका छन् । एमाले अध्यक्ष ओलीले त सत्तागठबन्धनले राष्ट्रपतिलाई अपमानित गरेको प्रतिक्रिया पनि दिँदै आएका छन् ।



अहिले एमाले संकटमै परेको छ, किनभने चुनावको मुखैमा नागरिकताको विपक्षमा जाँदा तराई क्षेत्रमा यसको नकारात्मक असर पर्ने र त्यहाँ राजनीति गर्नेलाई अझ समस्या हुने देखिन्छ ।

**विष्णु दाहाल**
**राजनीतिक विश्लेषक**

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ६ असोज ।

सरकारले दुई पटक सदनबाट बहुमतले पारित गरेर पठाएको नागरिकता विधेयकबारे प्रमुख विपक्षी दल एमालेको अहिलेसम्म पनि प्रष्ट धारणा आएको छैन । तरपनि केही नेताकार्यकर्ता राष्ट्रपतिले विद्यादेवी भण्डारीको कदम सही भएको भन्दै सडकमै पुगेर समर्थन गरिरहेका छन् । त्यत्तिमात्रै होईन, एमालेका अध्यक्ष केपी शर्मा ओलीले सत्तागठबन्धनले राष्ट्रपतिलाई अपमानित गरेको प्रतिक्रिया पनि दिदैँ आएका छन् । बिहीवार मात्रै एउटा कार्यक्रममा उनले भने, 'गठबन्धन राष्ट्रपतिलाई वद्नाम र अपमान गर्न खोजिरहेको छ । तरपनि एमालेले यसबारेको औपचारिक धारणा भने हालसम्म पनि सार्वजनिक गर्न सकेको छैन, कारण हो एकातिर नजिकिँदो चुनाव अनि अर्कातिर मधेशतिरको भोट घट्ने डर । सोही कारण नागरिकता विधेयकबारे एमालेले प्रष्ट कुरा राख्नै सकेको छैन । 'राष्ट्रपतिले नागरिकता विधेयक अस्वीकारको विषयमा एमालेले तत्काल सत्ता गठबन्धन दल कसरी अगाडि बढ्छ ? त्यसपछि मात्र रणनीति बनाउने तयारीमा एमाले छ, ओली निकट एक नेताले भने । उनले नागरिकता विधेयकका विपक्षमा एमाले बालेपनि तराईको जनमत घट्ने डर पनि उत्तिकै रहेका बताएका छन् ।




*नागरिकता विधेयक प्रमाणीकरण नगर्ने राष्ट्रपतिको कदमको समर्थनमा काठमाडौंमा भएको प्रदर्शनमा सहभागी एमाले नेता महेश बस्नेतसहितका नेता/कार्यकर्ताहरु ।*

नागरिकता सम्बन्धी अध्यादेश ल्याएर मधेशप्रतिसकारात्मक धारणा बनाएको एमालेले अब कसरी अघि बढ्ने भन्ने रणनीति खोजिरहेको छ । 'अहिले एमाले संकटमै परेको छ, किनभने चुनावको मुखैमा नागरिकताको विपक्षमा जाँदा तराई क्षेत्रमा यसको नकारात्मक असर पर्ने र त्यहाँ राजनीति गर्नेलाई अझ समस्या हुने देखिन्छ, राजनीतिक विश्लेषक विष्णु दाहालले भने । उनले बाहिर जे जस्तो अभिव्यक्ति दिएपनि नागरिकताको विपक्षमा जाँदा जनमतमा नकारात्मक असर पर्ने डर एमालेका देखिएको बताएका छन् ।

संविधानको धारा ६१ को उपधारा ३ मा 'राष्ट्रपतिले नेपालको राष्ट्रिय एकताको प्रवर्द्धन गर्ने' प्रावधानमा टेकेर राष्ट्रपति कार्यालयले विधेयक फिर्ता पठाएको जनाएको छ । नागरिकता विधेयक जस्ताको तस्तै प्रमाणीकरण हुँदा राष्ट्रियता र राष्ट्रिय एकतामा दूरगामी असर पर्ने तर्क कार्यालयले गर्दै आएको छ ।

– बाँकी पृष्ठ २ मा

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं ।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरूको जगेर्ना गरौं ।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# राष्ट्रपतिको कदमविरुद्ध सर्वोच्चमा रिट

राष्ट्रपति भण्डारीले संविधानको घोर उलंघन गरेको भन्दै रिट निवेदकले नागरिकता विधेयक प्रमाणीकरण गर्न परमादेशको माग गरेका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ असोज ।

नागरिकता विधेयक प्रमाणीकरण नगर्ने राष्ट्रपतिको कदमविरुद्ध सर्वोच्च अदालतमा रिट/निवेदन दर्ता भएको छ । नागरिकता विधेयक प्रमाणीकरण गर्न परमादेश माग भएको रिट निवेदनउपर शुक्रबार पेसी तोकिएको छ ।

राष्ट्रपति विद्यादेवी भण्डारीले संविधानले गरेको व्यवस्था उल्लंघन गरेर नागरिकता विधेयक प्रमाणीकरण नगरेको निवेदकको दाबी छ । अधिवक्ता तथा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका निवर्तमान सदस्य सुनीलरन्जन सिंहले संवैधानिक व्यवस्थाबमोजिम राष्ट्रपति भण्डारीले नागरिकता विधेयक प्रमाणीकरण नगरेको भन्दै रिट निवेदन पेस गरेका हुन् । उनले लगेको निवेदन बिहीबार दर्ता भएको सर्वोच्च अदालत प्रशासनले जानकारी दिएको छ ।

रिट निवेदनमा राष्ट्रपतिको कार्यालयलाई विपक्षी बनाइएको छ । राष्ट्रपतिलाई विपक्षी बनाउन नहुने संवैधानिक व्यवस्था भएकाले राष्ट्रपतिको कार्यालयलाई विपक्षी बनाइएको जनाइएको छ । राष्ट्रपतिले संविधानको घोर उलंघन गरेको दाबी गर्दै निवेदकले नागरिकता विधेयक प्रमाणीकरण गर्न समेत परमादेश माग गरेका छन् ।

संघीय संसद्का दुवै सदन (प्रतिनिधिसभा र राष्ट्रिय सभा)ले दोस्रोपटक पारित गरेर पठाएको विधेयक १५ दिनभित्र प्रमाणीकरण गर्नैपर्ने संविधानको व्यवस्था छ । यो बाध्यात्मक व्यवस्थाविपरीत राष्ट्रपतिले कदम चालेकी छन् ।

संविधानको धारा ११३ मा विधेयक प्रमाणीकरण गर्ने सम्बन्धी व्यवस्था छ । जहाँ भनिएको छ, 'राष्ट्रपतिसमक्ष पेस भएको विधेयक १५ दिनभित्र प्रमाणीकरण गरी त्यसको सूचना यथासम्भव चाँडो दुवै सदनलाई दिनुपर्नेछ ।' तर संसद्बाट आएको विधेयक पुनर्विचार हुनुपर्छ भन्ने लागेमा राष्ट्रपतिलाई त्यस्तो अधिकार पनि संविधानले दिएको छ, जसका लागि उपधारा (३) मा भनिएको छ, 'विधेयकमा पुनर्विचार हुनु आवश्यक छ भन्ने राष्ट्रपतिलाई लागेमा त्यस्तो विधेयक पेस भएको १५ दिनभित्र निजले सन्देशसहित विधेयक उत्पत्ति भएको सदनमा फिर्ता पठाउनेछ ।'

राष्ट्रपतिले फिर्ता पठाएको विधेयक संशोधन गर्नैपर्ने बाध्यता संसद्लाई हुँदैन, तर दोस्रो पटक पनि पारित भएर आएको विधेयक प्रमाणित गर्नैपर्ने बाध्यता भने राष्ट्रपतिलाई हुन्छ । उपधारा ४ ले स्पष्ट भनेको छ, 'राष्ट्रपतिले कुनै विधेयक सन्देशसहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुनर्विचार गरी त्यस्तो विधेयक प्रस्तुत रूपमा वा संशोधनसहित पारित गरी पुनः पेस गरेमा पेस भएको १५ दिनभित्र राष्ट्रपतिले प्रमाणीकरण गर्नेछ ।'

तर, राष्ट्रपतिले संवैधानिक बाध्यतालाई समेत कुल्चिएको भन्दै सर्वोच्चमा रिट निवेदन परेको हो ।

सर्वोच्चमा यो विषयमाथि बहस हुनु भन्दा पहिले सडकमा समेत बहस भइरहेको छ । समाजमा पनि राष्ट्रपतिको कदमलाई लिएर बहसमा छ ।

– बाँकी पृष्ठ २ मा

# निर्वाचनमा केन्द्रित सुरक्षा निकाय



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ६ असोज ।

चारै सुरक्षा निकाय निर्वाचन सुरक्षामा केन्द्रित भएका छन् । आगामी प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न आवश्यक सुरक्षा तयारीबारे सैनिक मुख्यालय जंगी अड्डामा बिहीबार चारै सुरक्षा निकायका प्रमुखहरूबीच छलफल भएको छ ।

नेपाली सेनाका अनुसार सैनिक उच्च अधिकृतहरूको समेत सहभागिता रहेको उक्त छलफलमा समसामायिक तथा समग्र सुरक्षा अवस्थाको समीक्षासमेत गरिएको छ ।

छलफलमा विशेषतः आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनलाई शान्तिपूर्ण तरिकाबाट सफलतापूर्वक सम्पन्न गर्न आवश्यक सुरक्षा व्यवस्थाबारे छलफल एवं अन्तरक्रिया भएको थियो ।

> नेकपा क्रान्त्रीकारी माओवादी सहित बिभिन्न राजनीतिक दलले चुनावमा भाग नलिने निर्णय गरेका छन् । उनीहरुको गतिविधिलाई सुरक्षा निकायले नजिकबाट नियालिरहेको जनाएको छ ।

'प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन-२०७९' सफलतापूर्वक सम्पन्न गर्ने सम्बन्धमा प्रधानसेनापति प्रभुराम शर्मा, नेपाल प्रहरीका प्रहरी महानिरीक्षक धीरजप्रताप सिंह, सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक राजु अर्याल र राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक हुतराज थापाबीच भेटवार्ता तथा छलफल भएको हो ।

'निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवं भयरहित वातावरणमा सम्पन्न गर्न नेपाल सरकारबाट सुरक्षा निकायहरूलाई प्राप्त जिम्मेवारीहरु केन्द्रीय, प्रादेशिक र स्थानीय तीन तहमा आपसी समन्वय र सहकार्यका साथ प्रभावकारी रुपमा कार्यान्वयन गर्नेलगायत विषयहरूमा समेत छलफल भएको थियो,' सेनाद्वारा जारी विज्ञप्तिमा भनिएको

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# भदौमा संस्थागतरुपमा ५० हजार बढी नेपाली वैदेशिक रोजगारमा गए

मलेसिया जाने ३३ हजार जना, वाइड स्पेस धेरै कामदार पठाउने म्यानपावर

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ असोज

भदौ महिनामा वैदेशिक रोजगारीका लागि संस्थागतरूपमा ३३ हजार ३ जना नेपाली युवायुवती मलेसिया गएका छन् । संस्थागतरूपमा ५० हजार ५० युवायुवती पहिलोपटक वैदेशिक रोजगारीमा गएकोमा मलेसिया जानेको संख्या आधाभन्दा बढी छ । भदौमा १ हजार ८३ महिला मलेसिया गएका छन् । भदौमा संस्थागत वैधानिकीकरण,

– बाँकी पृष्ठ २ मा

## व्यवसायी घिसिङको घरमा आगलागी भएपछि सहयोगको अपिल

काठमाडौं/मस- नेपाल वैदेशिक रोजगार व्यवसायी संघ तथा प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले काठमाडौंको कपनमा भएको आगलागीबाट पीडित वैदेशिक रोजगार व्यवसायी डायमण्ड ओभरसिज प्रा.लि.का सञ्चालक टंकबहादुर

– बाँकी पृष्ठ २ मा

## दुई वर्ष अनुभवी नर्समात्र बेलायत जान पाउने

काठमाडौं/मस- बेलायतले कम्तीमा दुई वर्ष अनुभवी नेपाली दक्ष नर्सलाई मात्र नेपालबाट लैजाने बताएको छ । बिहीबार राजधानीमा आयोजित कार्यक्रममा नेपालका लागि बेलायतकी राजदूत निकोला पोलिटले दक्ष नर्सहरुलाई उचित सेवा सुविधासहित लैजाने बताइन् । करिब दुई

– बाँकी पृष्ठ २ मा

# रुकुमपूर्व र भिमफेदीमा सवारी दुर्घटना, ११ को मृत्यु

भीमफेदीको जुरिखेतमा बस दुर्घटना हुँदा काठमाडौं-हेटौंडा चल्ने छोटो सडक मार्ग समेत अवरुद्ध भएको छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ६ असोज ।

कर्णाली रुकुमपूर्वमा सवारी दुर्घटना हुँदा ५ जनाको को मृत्यु भएको छ । १३ घाइते भएका छन् ।

रुकुमपूर्वको भूमे गाउँपालिका-३ क्याङ्सी बगरमा भएको बस दुर्घटनामा पाँच जनाको मृत्यु भएको हो । काठमाडौंबाट रुकुमकोट हिडेको ग १ ख ९१०९ नम्बरको बस बिहीबार दुर्घटना हुँदा घटनास्थलमै पाँचको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रुकुमपूर्वले जनाएको छ ।

बसमा सवार १७ मध्ये १३ जना घाइते भएका र तीनको अवस्था गम्भीर रहेको बताइएको छ । घाइते सबैको रुकुमपूर्व अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार घटनास्थलमा उद्धार कार्य जारी छ । यसैगरी, मकवानपुरको भीमफेदीको जुरिखेतमा बस दुर्घटना हुँदा मृत्यु हुनेको संख्या ६ पुगेको छ । हेटौंडा-कुलेखानी छोटो मार्गअन्तर्गत मकवानपुरको भीमफेदी गाउँपालिकास्थित जुरिखेतमा यात्रुवाहक मिनि बस दुर्घटना हुँदा ६ जनाको मृत्यु भएको हो । बस दुर्घटनामा ६ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

– बाँकी पृष्ठ २ मा



On the auspicious occasion of the 92nd National Day of the Kingdom of Saudi Arabia (23rd September 2022),
Nepal Association of Foreign Employment Agencies (NAFEA)
wishes the Government and the people of Saudi Arabia peace, progress and prosperity.
May the friendly relations between Nepal and Saudi Arabia grow further in the years to come.

*Bimal Dhakal*
*Coordinator*

*Prem Katuwal*
*Acting Coordinator*

&

NEPAL ASSOCIATION OF FOREIGN EMPLOYMENT AGENCIES
Family
Battisputali-9, Kathmandu | Contact No.: +977 01-4478440

मध्यान्ह
www.madhyanhadaily.com
७ असोज २०७९, शुक्रबार
23 September 2022, Friday

# विद्यालयमा निःशुल्क प्याड र डिस्पेन्सर मेसिन

**टेकबहादुर पुन/मध्यान्ह**
दाङ, ६ असोज



राजपुर गाउँपालिकाले विद्यालयहरुमा छात्राहरुका लागि सेनेटरी प्याड र डिस्पेन्सर मेसिन निःशुल्क प्रदान गरेको छ । गाउँपालिका अन्तर्गतका ८ वटा माध्यमिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुका लागि प्याड र मेसिन वितरण गरेको हो । पढाइको बेला महिनावारी हुँदा छात्राहरुमा हुने समस्यालाई कम गर्न विद्यालयमा प्याड र मेसिन अनिवार्य हुनुपर्ने भन्दै गाउँपालिकाले यस्तो कार्यको शुरुवात गरेको हो ।

बुधबार मात्र राजपुर गाउँपालिका वडा नम्बर ७ स्थित शिबशक्ती माविमा प्याड र मेसिन वितरण गरिएको छ । यो भन्दा अघि गाउँपालिका अन्तरगतका साधारण नमूना मावि सालभौरी, बालकल्याण मावि खाँग्रानाका, मावि दुलैया, मावि सिक्टा, जनज्योती माबि बेला, शंकर मावि खरदरिया, गौरी शँकर मावि भैँसाही नाकामा वितरण गरी सकिएको राजपुर गाउँपालिकाका शिक्षा शाखा प्रमुख केशब लम्सालले बताए । उनका अनुसार डिस्पेन्सर मेसिन विद्यालयमै रहने र आवश्यक्ता अनुसार सेनेटरी प्याड गाउँपालिकाले समय समयमा उपलब्ध गराउने जानकारी दिए ।

मेसिनमा प्याड फिट गरिने र छात्राहरुले स्विचको मद्दतबाट आवश्यक प्याड निकाल्न मिल्ने प्रमुख लम्सालले बताए । गाउँपालिकाको यस्तो कार्यले महिनावारी हुँदा छात्राहरुलाई सहज हुने विश्वास गरिएको छ । पढाईको बेला हुने महिनावारीले पढाइ नै प्रभावित हुने गरेको शिवशक्ती मावि भौवानाकाकि छात्रा सञ्जु दसौंदीले बताइन् । महिनावारी अवधिभर विद्यालय जाने इच्छा भएपनि जान नसक्ने अबस्था रहने उनको भनाइ छ । आर्थिक स्थिति कमजोरीका कारण सबै छात्राहरुमा प्याड किनेर प्रयोग गर्न सक्ने अवस्था छैन । त्यसैले गर्दा पढाईमा केही प्रभावित हुने गरेको छात्रा दसौंदीको भनाइ छ ।

छात्राहरुमा हुने महिनावारीले विद्यार्थी विद्यालय नआईदिँदा स्वयम् छात्राको पढाइ प्रभावित हुँदै आएको विद्यालयकी स्टाप नर्स लक्ष्मी रोकाहले बताइन् ।

गाउँपालिकाको यस्तो अभियानले छात्राको पढाईमा थप सुधार हुने रोकाहले विश्वास व्यक्त गरिन् । 'सबैको प्याड किन्न सक्ने अबस्था छैन, कतिपय लाजले पनि आउँदैनन्,' स्कुल स्टाप नर्स रोकाहले भनिन् । गाउँपालिकाको यस्तो कार्यले छात्राको पढाईमा हुने समस्या निर्मुल हुने उनको विश्वास छ ।

छात्राहरुको महिनावारी समस्या र पढाइप्रति चिन्तित बन्दै 'स्कुलमा निःशुल्क प्याड र मेसिन' वितरण गरिएको राजपुर गाउँपालिकाकी उपाध्यक्ष धनपति देवी यादबले बताइन् । आफू एक महिला भएका कारण महिलाको समस्या बुझ्दै त्यसैमाथि छात्राहरुको पढाईमा महिनावारीले पुर्‍याएको असरलाई निर्मुल पार्न गाउँपालिकाले अभियानको थालनी गरेको उपाध्यक्ष यादवको भनाइ छ ।

'समृद्धिका लागि शिक्षा एक हो, महिनावारीले केही हदसम्म पढाईमा प्रभाव पारेको छ,' उपाध्यक्ष यादवले भनिन् । छात्राहरु शिक्षाबाट वञ्चित हुन नपरोस भनेर निःशुल्क प्याड र मेसिनको अवधारणा लिएका हौं ।' गाउँपालिकाको यस्तो कार्यप्रति छात्राहरु हर्षित बनेका छन् । दुर्गम वस्तीहरुमा अझैपनि महिनावारी हुँदा लाजले विद्यालय जाँदैनन् भने कतिपयको आर्थिक अवस्था कमजोर हुनु पनि प्रमुख कारण हो । गाउँपालिकाले यस अगाडि मावि स्तरीय विद्यार्थीहरुका लागि 'निःशुल्क पढाई' लागू गरिसकेको छ ।

# नागरिकता विद्येयक प्रमाणिकरण नगरेको भन्दै विरोध

**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, ६ असोज

लोकतान्त्रिक समाजवादी पार्टीले नागरिकता विधयेक प्रमाणिकरण नगरिएको भन्दै विरोध प्रदर्शन गरेको छ । संघीय संसदको दुबै सदनबाट पारित भएको नागरिकता विधयेक राष्टपति विद्यादेवी भण्डारी प्रमाणिकरण गर्न अस्वीकार गरेको भन्दै विरोध प्रदर्शन गरेको हो । संसदबाट पास भएको नागरिकता विधयेक प्रमाणीकरणका लागि विरोध प्रदर्शन गरेको समाजवादीका वरिष्ठ उपाध्यक्ष विजय अग्रहरीले बताए ।

नेपाली नागरिकसँग विवाह गर्ने विदेशी महिलाले नेपालको नागरिकता पाउनुपर्ने उनको भनाइ थियो ।

कार्यक्रममा समाजवादीका जिल्ला अध्यक्ष मुकुर गिरी, पुरन चौधरी, लक्ष्मी गुप्ता, बिजय अग्रहरीलगायतले राष्ट्रपति भण्डारीले संवैधानिक प्रावधानको उलंघन गरेको बताएका थिए । नागरिकता विधयेक प्रमाणिकरण नहुँदा नागरिकताबाट बञ्चित भएकाहरुका सन्तान शिक्षा, स्वास्थ्यलगायतका सेवा लिनबाट बञ्चित भएको पार्टीका जिल्ला अध्यक्ष मुकुर गिरीले बताए ।

# हरिवन नगरपालिकाद्वारा घुम्ती शौचालय सञ्चालन

**मध्यान्ह संवाददाता**
सर्लाही, ६ असोज

सर्लाहीको हरिवन नगरपालिकाले खरिद गरेको घुम्ती शौचालय प्रयोगमा आएको छ । नगरले करिब ३ वर्ष पहिला खरिद गरेको घुम्ती शौचालय बिग्रीएर थन्किएको थियो ।

स्थानीय तहको निर्वाचन २०७९ सम्पन्न भएर नयाँ जनप्रतिनिधिहरु निर्वाचित भएपछि बिग्रेका शौचालय मर्मत सम्भार गरेर सञ्चालनमा ल्याइएको हरिवन नगरपालिकाका नगर प्रमुख रमेश बुढाथोकी (कमल)ले बताए । उनका अनुसार घुम्ती शौचालय मर्मत सम्भार नहुँदा २ वर्षदेखि प्रयोगविहीन भएको थियो । घुम्ती शौचालय मर्मत गरी सार्वजनिक स्थानमा राखेर प्रयोगमा ल्याएपछि हरिवन बजारमा आउने यात्री र बटुवाहरुलाई सहज भएको छ । पूर्व-पश्चिम राजमार्गस्थित हरिवन नगरपालिका ११ स्थित मुख्य बजार चोकमा सार्वजनिक शौचालय राखिए पछि सवारी साधनहरुको प्रतीक्षा गरेर बसेका यात्रुहरु, बजारमा किनमेल गर्न आएका सेवाग्राहीहरुलाई सहज भएको स्थानीय दिनेश साह रौनियारले बताए । हरिवन नगरपालिकाले करिब ३ वर्षअघि करिब रु ३ लाख लागतमा घुम्ती शौचालय खरिद गरेको थियो । अहिले घुम्ती शौचालय मर्मत पछि प्रयोगमा आएको छ ।

सामान्य मर्मत गर्दा प्रयोगमा ल्याउन सकिने घुम्ती शौचालय अघिल्लो स्थानीय सरकारले मर्मतसम्भार नगर्दा नगरपालिकाको कम्पाण्डमा अलपत्र परेको थियो ।

अहिले गाउँ घरमा हुने विभिन्न कार्यक्रमहरुमा घुम्ती शौचालय प्रयोगमा ल्याइएको छ । भने अन्य समयमा नगरको मुख्य बजार हरिवनमा सार्वजनिक स्थानमा राखिएको छ । सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालय नहुँदा यात्रुहरुका साथै बजारमा किनमेल गर्न आउने स्थानीय होटेल तथा सार्वजनिक स्थानमा गएर शौच गर्न बाध्यता भएका उद्योग वाणिज्य संघ हरिवनका सचिव रामचन्द्र गौतमले बताए । उनका अनुसार पहिला घुम्ती शौचालय सार्वजनिक स्थानमा नराखिँदा शौचालयको अति नै समस्या रहेको भए पनि अहिले सार्वजनिक स्थानमा घुम्ती शौचालय राख्दा सहज भएको छ ।

## नागरितामा...

राष्ट्रपतिले नागरिकता विधेयक अस्वीकार गरेपछि 'संसदीय सर्वोच्चता र संविधानको ठाडो उल्लंघन' भयो भनेर परमादेशको माग सहित सर्वोच्चमा पाँचवटा रिट परेका छन् । त्यस्तै, संवैधानिक राष्ट्रपतिले नागरिकता पाउने हक अधिकार हनन गरेको भन्दै अदालतमा मुद्दा पर्न सक्ने अवस्था पनि देखिन्छ । सोही रिटमाथि कस्तो फैसला हुन्छ त्यहीं अनुसार अघि बढ्ने मनस्थितीमा गठबन्धन देखिएको छ । अनि, एमाले पनि खुलेरै यसको विपक्षमा नजाने रणनीतिमा देखिन्छ । यद्यपि, एमालेलाई नागरिकताको अडानले मधेशको जनमत गुम्ने त्रास भने बढेको छ ।

नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टीले संयुक्त विज्ञप्ति जारी गरी राष्ट्रपतिले संविधानको पालना गर्नुपर्ने कर्तव्यको संवैधानिक व्यवस्थामाथि नै प्रहार गरेको ठहर गरेको हो ।

चार दलले राष्ट्रपतिको कदमविरुद्ध सचेत रहन संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संवैधानिक व्यवस्थाको पक्षधर राजनीतिक दल, नागरिक समाज, बौद्धिक समुदायलाई आह्वान गरेको छ ।

तर, एमालेले राष्ट्रपतिको पक्षमा प्रदर्शन गरेको छ । एमाले निकट विद्यार्थीको संगठन अनेर स्ववियुले र युवाहरुको संगठन युवा संघ नेपालले राष्ट्रपति भण्डारीको समर्थनमा काठमाडौंमा प्रदर्शन नै गरेको छ ।

## निर्वाचनमा...

छ । आगामी प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन मंसिर ४ मा हुँदैछ ।

४ मंसिरमा हुने चुनावका लागि निर्वाचन आयोग आफ्नो तयारीमा छ । राजनीतिक दलहरु चुनावी रणनीतिमा छन् । राजनीतिक दलहरुबाट हुन सक्ने, दलका नेता/कार्यकर्ताबाट हुन सक्ने अवान्छित गतिविधिको निगरानीका लागि सुरक्षाका चारै निकाय चनाखो हुने भएका हुन् ।

साथसाथै, बिभिन्न राजनीतिक दलहरु चुनावको बहिष्कारमा पनि छन् । बहिष्कारमा रहने राजनीतिक दलहरुल विगतमा चुनाव विरोधी गतिविधि गरेकोलाई समेत ख्याल गरेर सुरक्षा निकायले सुरक्षा रणनीति तय गरेको र त्यसै अनुसार परिचालित हुने बताइएको छ ।

नेकपा क्रान्त्रीकारी माओवादी सहित बिभिन्न राजनीतिक दलले चुनावमा भाग नलिन निर्णय गरेका छन् । उनीहरुको गतिविधिलाई सुरक्षा निकायले नजिकबाट नियालिरहेको जनाएको छ ।

## राष्ट्रपतिको...

सत्तारुढ गठबन्धनमा रहेका दलहरुका नेता/कार्यकर्ता राष्ट्रपतिको कदम असंवैधानिक, संसद्को घोर अपमान भएको निष्कर्षमा पुगेर विरोधमा छन् । नागरिकता विधेयक प्रमाणीकरण नगर्ने राष्ट्रपति विद्यादेवी भण्डारीको कदमले संवैधानिक व्यवस्थामाथि नै प्रहार गरेको सत्तागठबन्धनको ठहर छ ।

## रूकुमपूर्व ...

काठमाडौंबाट हेटौंडा हिंडेको बा.३ ख ७८५८ नम्बरको बस भीमफेदी गाउँपालिका-६ जुरिखेतको एघार घुम्तीको ओरालोमा दुर्घटना भएको हो । घुम्तीमा बस मोड्ने क्रममा ब्रेक नलागेपछि बस तल खसेको हुनसक्ने प्रहरीले जनाएको छ । बस दुर्घटनाले छोटो मार्ग समेत अवरुद्ध भएको छ । घटनास्थलमा जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रमुख उपरीक्षक बामदेव गौतमको नेतृत्वमा प्रहरी टोली परिचालन भएको थियो ।

## भदौमा...

व्यक्तिगत नयाँ र पुनः श्रम स्वीकृतिमार्फत ७६ हजार ४ सय ३ जना युवायुवती वैदेशिक रोजगारीका लागि विदेश गएका छन् । यो संख्या कोरोना भाइरस (कोभिड-१९) को विश्वव्यापी महामारी शुरु भएयताकै धेरै हो ।

वैदेशिक रोजगार विभागद्वारा सार्वजनिक मासिक प्रगति विवरणअनुसार भदौमा मलेसिया त्यसपछि क्रमशः म्यानपावर कम्पनीमार्फत कतारमा ४ हजार ३ सय ४ जना, कुवेतमा ३ हजार ८ सय ४९ जना, यूएईमा ३ हजार ४ सय ४३ जना, साउदी अरबमा ३ हजार २ सय ६ जना, बहराइनमा ४ सय ३५ जना र क्रोएसियामा १ सय ८२ जना गएका छन् । म्यानपावर कम्पनीहरुले विभिन्न १८ देशका लागि श्रम स्वीकृति लिएका छन् ।

वाइड स्पेस सबैभन्दा अगाडि

भदौ महिनामा वाइड स्पेस इन्टरनेशनल प्रा.लि.ले सबैभन्दा धेरै कामदार वैदेशिक रोजगारमा पठाएको छ । उक्त कम्पनीले ७६० पुरुष र १५ जना महिला गरी ७ सय ७५ जनालाई वैदेशिक रोजगारमा पठाउन अन्तिम स्वीकृति लिएको छ ।

त्यस्तै दोस्रो नम्बरमा द रिभर ओभरसिज प्रा.लि.ले एक जना महिलासहित ६ सय ८९ जना, नील कमल ह्युमन रिसोर्स प्रा.लि.ले ६ सय ४७ जना, मेरिडियन ओभरसिज प्रा.लि.ले ६ सय ३० जना, लाईफ इन्टरनशनल ओभरसिज प्रा.लि.ले ५ सय ९८ जना, लाल धनुष इन्टरनेशनल सर्भिस प्रा.लि.ले .५ सय ९३ जनाको अन्तिम श्रम स्वीकृति लिएका छन् ।

इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.ले ५ सय ९१ जना, एक्सेस पार्टनर प्रा.लि.ले ४ सय ९७ जना र ह्वाइट हर्ष रिक्रुटमेन्ट प्रा.लि.ले ४ सय ८२ जना र दशौं स्थानमा रहेको स्काईवेयज ब्युरो सर्भिसले ४ सय ५७ जना पठाउन श्रम स्वीकृति लिएका छन् ।

## व्यवसायी...

घिसिङलाई आपतकालीन राहतका लागि जुट्न आग्रह गरेका छन् ।

व्यवसायी घिसिङको कपनमा रहेको घरमा बुधबार भएको आगलागीमा परी ताप्लेजुङ घर भएका २७ वर्षीय कासाङ तेञ्जी शेर्पा, संखुवासभाका अशोक राई र काठमाडौं महानगरपालिका २६ रानीबारी बस्ने छेवाङ शेर्पाको ज्यान गएको थियो । आगलागीमा एक जना घाइते भएका छन् ।

संघ तथा मञ्चको नेतृत्वले आगलागीबाट क्षतिग्रस्त भवनको स्थलगत निरीक्षण गरेको छ । व्यवसायी घिसिङले आगलागीबाट घर पूर्णरूपमा क्षतिग्रस्त भएकाले पुरै भत्काएर नयाँ बनाउनुपर्ने अवस्था रहेको बताए । बिहीबारसम्म पाँच करोड बढीको क्षति भएको विवरण संकलन गरिएको भन्दै व्यवसायी घिसिङले विवरण संकलन कार्य जारी रहेकाले क्षतिको विवरण ठूलो हुने बताए । बुधबार बेलुका घिसिङको घरमा आगलागी भएको थियो । आगो बुधबार राति नै नियन्त्रणमा लिइएको थियो ।

## दुई...

महिनाअघि नेपाल र बेलायतबीच नेपाली स्वास्थ्यकर्मीलाई बेलायतको स्वास्थ्य क्षेत्रमा रोजगारी दिने सम्झौता भएको थियो । राजदूत पोटिलले दक्ष स्वास्थ्यकर्मीले स्वास्थ्य क्षेत्रमा काम गरुन् भन्ने बेलायत सरकारको उद्देश्य रहेको भन्दै कम्तीमा दुई वर्षको अनुभवी हुनुपर्ने मापदण्ड बनाइएको बताइन ।

## भूल सुधार

मिति २०७९/०६/०६ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित यूएईमा रोजगार शिर्षकको चलानी नं.: **६०१७३२७९, Lt. No.: 256763** र कम्पनीको नाम: **JUMEIRAH INTERNATIONAL L.L.C** भएको विज्ञापन भुलवश प्रकाशित हुन गएकाले यस **Lt. No.: 256763** को विज्ञापनलाई रद्ध गरिएको छ ।

HABTOOR INTERNATIONAL PVT. LTD.
GPO Box 261, Basundhara-29, Kathmandu


**MALAYSIA मा रोजगारको अवसर** कम्पनी: EPD PLASTIC INDUSTRIES SDN.BHD. शहर: Malaysia,

पूर्व स्वीकृत मितिः २०७९/०६/०६ चलानी नं.: ६०१८८१८५ LT. No.: 272517

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १४ गते (30 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SHARON MANPOWER SERVICES PVT. LTD.
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957



**मलेसियामा रोजगार**

१. कम्पनी: WECONNECT TECHNOLOGIES SDN BHD शहर: PULAU PINANG
पूर्व स्वीकृत मितिः २०७९/०६/०५ चलानी नं.: ६०१८८१०१ LT. No.: 272387

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 30 | स. काममा दक्ष | 1500 | ४२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: TUNG LIM PRESS SDN BHD शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०६/०५ चलानी नं.: ६०१८८१०२ LT. No.: 272386

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी: OOI BENG HUAT FOOD IND. SDN BHD शहर: Malaysia,penang
पूर्व स्वीकृत मितिः २०७९/०६/०६ चलानी नं.: ६०१८८१८३ LT. No.: 272476

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 5 | 3 | स. काममा दक्ष | 1500 | ४२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनी: RESTAURANT TECK SING SDN.BHD. शहर: Malaysia,JOHOR BAHRU JOHOR
पूर्व स्वीकृत मितिः २०७९/०६/०६ चलानी नं.: ६०१८८१८४ LT. No.: 272475

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ असोज १४ गते (30 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

NICE OVERSEAS PVT. LTD.
श्रम इजाजत पत्र नं. १०८९/०७३/०७४
Dhobighat-3, New Colony, Lalitpur, Tel.: 5435529, 5423629,, 9851193062
E-mail: info@niceoverseas.com.np, Website: www.niceoverseas.com.np



**मलेसियामा रोजगारको अवसर** कम्पनी: ZHAI HAP HENG TRADING SDN BHD. शहर: Malaysia,PULAU PINANG

पुर्व स्वीकृत मितिः २०७९/०६/०६ चलानी नं.: ६०१८८१८२ L.T. No.: 271636

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 5 | 5 | स. काममा दक्ष | 1500 | ४२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७९ भदौ १४ गते (30 Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Manaslu International Services Pvt. Ltd.
GPO Box: 21269, Dhumbarahi, Ktm, Nepal, Tel: 01-4525081 , Mob.: 9860612204, 9852059259, Fax: 977-1-4490716, Govt. Lic. No.: 151/056/57, Email: manaslunp@hotmail.com



सुरक्षित रहौं, रोकथाम गरा, नियन्त्रया गरौं




लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ, प्रदेश नं १, नेपाल



प्रदेश सरकार

## पर्यटन तथा संस्कृति मन्त्रालय

प्रदेश नं. १, विराटनगर, नेपाल

### सिलबन्दी दरभाउपत्र स्वीकृतिको आशयको सूचना

(सूचना प्रकाशित मितिः २०७९/६/७ गते)

यस मन्त्रालयबाट प्रकाशित सूचना अनुसार निम्न कार्य गर्नका लागि सिलबन्दी दरभाउपत्र प्रकाशित भई तोकिएको म्याद भित्र दर्ता हुन आएका दरभाउपत्रदाताहरु मध्ये तपसिल बमोजिमको दरभाउपत्रदाताको दरभाउपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबै दरभाउपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सूचना प्रकाशित मिति | सूचना नं. | कामको विवरण | दरभाउपत्रदाताको नाम र ठगाना | कबोल अंक मु अ कर सहित | कैफियत |
|---|---|---|---|---|---|
| २०७९/०५/१५ | १/०७९/०८० | कार्यालय सामान, स्टेसनरी, छपाई तथा मसलन्द सामाग्री आपूर्ति गर्ने । | विष्णु सप्लायर्स, विराटनगर ११, मोरङ्ग | १२,४७,६८३।८५ | |

## दाङ डायरी

रामप्रसाद सुवेदी/मध्यान्ह

# कैदीबन्दीलाई सीपमूलक तालिम

दाङको घोराही कारागारमा रहेका कैदीबन्दीलाई ५ दिने सीपमूलक तालिम घोराहीमा शुरु भएको छ।



कारागार कार्यालय घोराहीको आयोजना तथा समाज कल्याण केन्द्र दाङको समन्वय एवम् घोराही उपमहानगरपालिका वडा नम्बर १५ को आर्थिक सहयोग र नयाँ पाईला पुनर्स्थापना केन्द्रको सौजन्यमा पाँच दिने सीपमूलक तालिम शुरु गरिएको बताइएको छ । समाज कल्याण केन्द्रकी अध्यक्ष निर्मला गौतमको अध्यक्षता तथा घोराही १५ का वडा अध्यक्ष रमेश पाण्डेको प्रमुख आतिथ्यमा बुधबारबाट सीपमूलक तालिम शुरू भएको हो । कार्यक्रममा जेलर बासुदेव खनालले गाँस, बास र कपासको व्यवस्थामा कैदीबन्दीको अधिकारको विषय भएकाले उनीहरुलाई कानूनले वर्जित गरेको विषय बाहेक अरु कुरामा स्वतन्त्रता दिनुपर्ने मान्यताका साथ अहिले काम भइरहेको बताए ।

कैदीबन्दीहरुलाई दण्डगृह, अपराध गृह नभई चेतना गृह, सुधार गृहका रुपमा स्थापित गर्दै मानिस बनाउन आचरण सुधारसँगै नैतिकवान बनाउने काम भइरहेको उनको भनाई छ।

कारागारमा रहेका ३ सय २४ जना कैदीबन्दीमध्ये केहीले अहिले पनि सीपलाई उत्पादनसँग जोडेर मासिक १० हजारदेखि ४० हजार रुपैयाँसम्म कमाउँदै आएको हुँदा सबै व्यक्ति कुनै न कुनै सीपमा जोडिन सके भोलिका दिनमा समाजमा सहज रुपमा बाँच्न सक्ने अपेक्षाका साथ यो अभियान अघि बढाइएको वडा अध्यक्ष पाण्डेले बताए । सीप सिकेर आगामी जीवन सफल बनाउन सकिने धारणा राख्दै उनले कारावास जीवनलाई सीपयुक्त बनाउँदै भोलि समाजमा जाँदा सक्षम व्यक्ति बनेर जान आग्रह गरे ।

मानव अधिकार तथा शान्ति समाजका वरिष्ठ उपसभापति सुशील बस्नेतले सजाय भुक्तानपछि परिवार र समाजमा अन्तरघुलन हुने वातावरण बनाउन व्यक्ति सक्षम हुनुपर्ने बताए ।

कैदीबन्दीहरुले मैनवत्ती, अगरबत्ती, सरफ बनाउने तालिम लिनेछन् । तालिमको मुख्य प्रशिक्षकमा विष्णु थापा रहेका छन्। केन्द्रीयकी सदस्य पार्वता योगीको स्वागत मन्तव्यबाट शुरुभएको कार्यक्रमको सहजीकरण विन्दु दाहालले गरेकी थिइन् ।

# हापुरेमा २९ औँ विश्व अल्जाईमर्स चेतना दिवस मनाइयो

दाङको बबई गाउँपालिकामा २९ औं अल्जाईमर्स चेतना दिवस शुभकामना आदान-प्रदान तथा अन्तरक्रिया कार्यक्रम गरी मनाइएको छ।




जेष्ठ नागरिक संघ बबईको आयोजना तथा बबई गाउँपालिका महिला बालबालिका तथा सामाजिक विकाश शाखाको समन्वयमा 'विस्मृति रोगबारे जानौं र बुझौं' भन्ने नाराका साथ कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा जेष्ठ नागरिक संघबीच शुभकामना आदान प्रदानसँगै हापुरे प्राथमिक अस्पतालका प्रमुख डा. सन्दिप शर्माले विस्मृति रोगबारे जेष्ठ नागरिकहरुलाई प्रशिक्षण दिएका बबई गाउँपालिका महिला बालबालिका तथा सामाजिक विकाश शाखा प्रमुख ईश्वरा रावतले जानकारी दिए ।

जेष्ठ नागरिक संघ बबईका अध्यक्ष शिवलाल भुषालको अध्यक्षता बबई गाउँपालिका उपाध्यक्ष बम कुमारी खड्काको प्रमुख आतिथ्यता तथा बबई गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुक्तिनन्द रावलको विशिस्ट आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा बबई गाउँपालिकाका ७ वटै वडाका वडाध्यक्ष,जेष्ठ नागरिक संघ बबई तथा ७ वटै वडाका जेष्ठ नागरिक संघका प्रतिनिधि पत्रकार लगायतको उपस्थिति थियो ।

# बबई ५ का सत्र घरपरिवारलाई चार लाख २५ हजार सहयोग

दाङको बबई गाउँपालिका ५ का संकटासन्न १७ घर परिवारलाई आर्थिक अनुदान प्रदान गरिएको छ ।



नेपाल रेड्क्रस सोसाइटी अन्तर्गतको समुदाय उत्थानशिलतामा अभिवृद्धि कार्यक्रम ईनकोर परियोजना अन्तर्गत झरना सामुदायिक विपद व्यवस्थापन समितिमार्फत वडा नम्बर ५ का हुरुम, जलुके र जौंबारीका १७ घरपरिवारलाई २५ हजारका दरले रकम प्रदान गरिएको हो ।

बबईका संकटासन्न परिवारका जिविकोपार्जन योजना अन्तरगत बबईका वडा नम्बर एक, पाँच र सात नम्बर वडाका संकटासन्न ५० घरपरिवारका लागि १५ लाख रुपैयाँको रकम विनियोजन गरी काम शुरु गरिएकोमा पहिलो चरणमा वडा नम्बर ५ मा औंपचारिक कार्यक्रमको आयोजना गरी रकम प्रदान गरिएको ईनकोर परियोजना दाङका कार्यक्रम संयोजक जगत तामाङले जानकारी दिए ।

वडाका वडा सदस्यको संयोजकत्वमा निर्माण गरिएको झरना सामुदायिक विपद व्यवस्थापन समितिको सक्रियतामा वडा भित्रका अपाङ्गता भएका व्यक्ति, दलित, एकल महिला र अति विपन्न परिवार मध्यबाट १७ घरपरिवार छनोटमा परेको झरना सामुदायिक विपद व्यवस्थापन समिति सचिव तारा भण्डारीले जानकारी दिए ।

झरना सामुदायिक विपद व्यवस्थापन समिति सचिव तारा भण्डारीको अध्यक्षता,बबई गाउँपालिका उपाध्यक्ष बम कुमारी खड्काको प्रमुख आतिथ्यता तथा रेडक्रस दाङका सभापति नारायण आचार्यको विशिष्ट आतिथ्यतामा सम्पन्न कार्यक्रममा वडा नम्बर ५ का वडाध्यक्ष हर्कबहादुर श्रीस मगर, रेड्क्रस दाङका उपकोषाध्यक्ष ज्ञानप्रसाद आइतबारे, रेड्क्रस पञ्चकुले उपशाखा अध्यक्ष जुद्धवीर खाम्चा, सचिव प्रदिप के. सी, रेडियो हापुरेका कार्यालय प्रमुख रामप्रसाद सुवेदी लगायतको उपस्थिति थियो ।

कार्यक्रममा बोल्दै बबई गाउँपालिका उपाध्यक्ष तथा प्रमुख अतिथि बम कुमारी खड्काले भगवान भन्दा भगवान देखाईदिने व्यक्ति महान हुने भन्दै नेपाल रेड्क्रस सोसाईटीको इनकोर परियोजना भगवान देखाईदिने माध्यम बनेर आएको बताए ।

खड्काले अनुदानको रुपमा प्राप्त रकम सहि तरिकाले प्रयोग गर्न सबैलाई अनुरोध गरे ।

कार्यक्रमका विशिष्ट अतिथि रेडक्रस दाङका सभापति नारायण आचार्यले अनुदानको रकम सानो भएपनि दिगो योजनासहित काम गर्न सके प्रभावकारी हुने बताए। रेडक्रस दाङका उपकोषाध्यक्ष ज्ञानप्रसाद आइतबारेले रेडक्रसको उदेश्य सम्पूर्ण व्यक्ति सहज रुपमा बाँच्न पाउने भएको हुँदा रेड्क्रसले बबईका विकट क्षेत्र र समुदायलाई छनौट गरी यहाँका संकटासन्न परिवारलाई सहज रुपमा जीवन यापन गर्ने बाटो देखाईदिएको बताए ।

छनोटमा परेका १७ परिवार मध्य ११ जनाले बाखा पालन ५ जनाले भैंसी पालन र १ जनाले आरन व्यबसाय सुरु गर्ने बताएका छन् । कार्यक्रमको सहजीकरण थानेश्वर पोखेलले गरेका थिए । वडा नम्बर १ का १६ घरपरिवार र ७ का १७ परिवारलाई पनि छिट्टै अनुदान रकम प्रदान गरिने बताइएको छ ।

**दुधौली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**दुधौली, सिन्धुली**
**बागमती प्रदेश, नेपाल**

**मानव स्वास्थ्य औषधी खरिद सम्बन्धी शिलबन्धी दरभाउ पत्र आह्वनको सूचना**

**(प्रथम पटक प्रकाशन मिति : २०७९/०६/०७)**

यस नगरपालिका अन्तर्गतका प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य संस्थाहरुको लागि आ.व.०७९।०८० मा आवश्यक पर्ने औषधी खरिद गर्ने प्रयोजनको लागि यो शिलबन्दी दरभाउ-पत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । उक्त कार्य गर्न इजाजत प्राप्त इच्छुक, फर्म, संस्था वा कम्पनीले सूचनामा तोकिएको म्याद भित्र शिलबन्दी दरभाउ-पत्र पेश गर्नु हुन अनुरोध छ ।

१. मिति २०७९/०६/२४ १२.०० भित्र रु. १,०००।- (अक्षेरुपी एक हजार पछि फिर्ता नहुने गरी) यस दुधौली नगरपालिकाको दुधौली स्थित **नेपाल बैक लिमिटेडको राजश्वा खाता नं. २५२०३०००००१००१००००००१** मा रकम जम्मा गरी विद्युतिय माध्यमबाट PPMO e-GP system www.bolpatra.gov.np/egp मा गई दरभाउपत्र खरिद गर्न सकिनेछ । दरभाउ-पत्र खरिद गर्नको लागि निवेदकले नविकरण गरिएको सम्बन्धीत विषयको कारोवार गर्न इजाजत प्राप्त कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र, स्थानीय तहमा दर्ता गरेको व्यवसाय दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाण पत्र तथा भ्याट दर्ता प्रमाणपत्र आ. व. २०७७/०७८ को कर चुक्ताप्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी निवेदन पेश गर्नुपर्नेछ ।
२. मिति २०७९/०६/२४ १२:०० बजे भित्र दरभाउ-पत्र PPMO e-GP system www.bolpatra.gov.np/egp दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएको दरभाउ-पत्रहरु सोही दिनको ०२:०० बजे दरभाउ-पत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउ-पत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि दरभाउ-पत्र खोल्न बाधा पर्नेछैन । दरभाउ-पत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन विदा पर्ने गएमा सो सम्बन्धी कार्य तत्पश्चात कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानी गरिनेछ ।
३. दुधौली नगरपालिकाको नाममा रहेको **नेपाल बैक लिमिटेड दुधौली स्थित धरौटी खाता नं. २५२०३००००३०००००००१** मा दाखिला गरेको सक्कल बैक भौचर वा कम्तीमा ७५ दिन म्याद भएको मान्यता प्राप्त बाणिज्य बैकको बैक ग्यारेन्टी दरभाउ-पत्र साथ पेश गर्नुपर्नेछ ।
४. साथै दरभाउ-पत्रमा कुनै शर्त राखी पेश गरेमा मान्य हुने छैन । रीत नपुगेको दरभाउ-पत्र उपर कुनै कारबाही गरिने छैन ।
५. दरभाउ-पत्र स्वीकृत भएपछी कार्यलयले तोकेको समय अवधि भित्र औषधी तथा सर्जिकल्स सामाग्री बुझाउनु पर्नेछ र सम्पुर्ण करहरु दरभाउ-पत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
६. सप्लाई हुने औषधी WHO/GMP सर्टिफिकेट प्राप्त कम्पनीहरुबाट उत्पादित भएको हुनुपर्ने र प्रत्येक प्याकेटको बाहीर उत्पादन मिति, म्याद समाप्त मिति र व्याच नम्बर स्पष्ट रुपमा उल्लेख भएको हुनुपर्नेछ । साथै सप्लाई गरिने औषधीको म्यादको सम्बन्धमा उक्त औषधीको Manufactured Date वाट Expiry Date कम्तिमा १८ महिना बाँकी हुँदा स्टोर दाखिला हुनु पर्नेछ । सो भन्दा घटी म्याद भएको औषधीहरु कुनै पनि हालतमा बुझिलिईने छैन । तर कुनै औषधीको जम्मा Expiry Date १८ महिना भन्दा कम हुने अवस्थामा जम्मा Expiry Date को ७५% म्याद बाँकी हुँदा दाखिला गर्न सकिनेछ ।
७. मुल्य अभिवृद्धि कर लाग्ने आइटमको दररेट उल्लेख गर्दा "मुल्य अभिवृद्धि कर बाहेकको" उल्लेख गर्नु पर्नेछ ।
८. दरभाउ-पत्र फाराम साथ आफुले Supply गर्ने औषधी तथा सर्जिकल्स सामाग्रीको नमुना अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
९. दरभाउ-पत्र स्विकृत गर्दा आइटमवाईज स्विकृत नगरी प्याकेजको रुपमा स्विकृत गरिनेछ ।
१०. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ ।
११. दरभाउ-पत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
१२. दरभाउ-पत्र सम्बन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालय (०४७-४१२०५१) वा वेभसाइट www.dudhaulimun.gov.np PPMO e-GP system www.bolpatra.gov.np/egp. मा बुझ्न सकिनेछ ।

| सि.नं. | सूचना नं./प्याकेज | कार्य विवरण | दरभाउपत्र दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|
| १. | 05/NCB/GOODS/DMUN/2079-080 | मानव स्वास्थ्य औषधी खरिद | रु.१०००।- | ४३,०००.०० |

**प्रमुख प्रशासकीय अधिकृत**

**कालिञ्चोक गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सुनखानी, दोलखा**
**बागमती प्रदेश, नेपाल**

**नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र/दरभाउपत्र आव्हान सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०७९।०६।०७**

कालिन्चोक गाउँपालिकाको तपशिल अनुसारका क्षेत्रहरुमा बागमती प्रदेशको आर्थिक ऐन २०७९ बमोजिम संकलन गरिने ढुंगा, रोडा, ग्राभेल र बालुवाको शुल्कबाट आ.व. २०७९/०८०मा प्राप्त हुने आय संकलन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले प्रचलित कानुन बमोजिम दर्ता भएका ईच्छुक फर्म वा कम्पनीले फर्म नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.ब. २०७७।०७८ को कर चुक्ता प्रमाणपत्र पेश गरी यस कार्यालयबाट वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp बाट वोलपत्र फाराम खरिद गरि प्रत्येक ठेक्का नं. का लागि छुट्टाछुट्टै शिलबन्दी बोलपत्र तोकिएको अबधि र समयभित्र दर्ता गर्नका लागि सूचनाका शर्तहरुको अधीनमा रही बोलपत्र/दरभाउपत्र प्रकृयामा सहभागीहुन सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

| ठेक्का नं. | उत्खनन् क्षेत्र | उत्खनन् परिमाण (घन मिटर ) | न्यूनतम ठेक्का अंक (मु.अ.कर बाहेक) | बोलपत्र/दरभाउ पत्र फाराम दस्तुर (रु.) | बोलपत्र/दरभाउपत्र जमानत रकम र अबधि |
|---|---|---|---|---|---|
| KRM/SQB/Goods/Dolakha/07/2079/080 | **बेनिस्वाँरा क्षेत्र** (U/S 27°43'11.81"N, 86°09'12.48"E, D/S 27°43'9.27"N, 86°09'5.83"E,) | ४४७९ | १४२४३२२ | १००० | कबोल अंकको ३ प्रतिशत ,७५ दिन |
| KRM/NCB/Goods/Dolakha/07/2079/080 | **गुमुखोला क्षेत्र** (U/S 27°42'31.85"N, 86°08'51.43"E, D/S 27°42'22.49"N, 86°08'45.55"E,) | ९८२८ | ३१२५३०४ | ३००० | कबोल अंकको ३ प्रतिशत,१२० दिन |
| KRM/NCB/Goods/Dolakha/08/2079/080 | **कोशीखेत क्षेत्र** (U/S 27°41'34.45"N, 86°07'49.85"E, D/S 27°41'32.25"N, 86°07'38.57"E,) | १२९८४ | ४१२८९१२ | ३००० | कबोल अंकको ३ प्रतिशत,१२० दिन |
| KRM/NCB/Goods/Dolakha/09/2079/080 | **नागदह/मलेपु क्षेत्र** (U/S 27°40'53.87"N, 86°06'32.46"E, D/S 27°40'58.64"N, 86°06'28.94"E,) | ८६१२.५ | २७३८७७५ | ३००० | कबोल अंकको ३ प्रतिशत,१२० दिन |

**विस्तृत सूचना र जानकारीको लागि website : kalinchowkmun.gov.np**

**प्रमुख प्रशासकीय अधिकृत**

***कोहलपुर नगरपालिका***
***नगर कार्यपालिकाको कार्यालय***
***कोहलपुर, बाँके***
***लुम्बिनी प्रदेश, नेपाल***

***बोलपत्र स्वीकृत गर्ने आशयको सूचना***

***(प्रकाशित मिति २०७९/०६/०७)***

यस कार्यालयबाट मिति:२०७९/०४/२६ मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित तपशिलमा उल्लेखित खरिद नं. र कार्य विवरण सँग सम्बन्धित निर्माण कार्यका लागि बोलपत्र आव्हान गरिएकोमा निर्धारित समयभित्र कार्यालयमा दर्ता भएको बोलपत्रको बोलपत्रदाताको बोलपत्र न्यूनतम, मुल्याङ्कित एवं सारभुत रुपमा प्रभावग्राही देखिएकाले बोलपत्र स्वीकृतिको आशयको प्रयोजनको लागी सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोही ऐनको दफा ४७ प्रयोजनका लागि सम्बन्धित सरोकारवालाको जानकारीको लागि यो ७(सात) दिने सूचना जारी गरिएको छ ।

**तपशिल**

| खरिद नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक रकम भ्याट सहित |
|---|---|---|---|
| BANKE/KOMUN/G/NCB-02/2079/080 | Supply and Delivery of Office Stationary and Miscellaneous Goods for Kohalpur Municipality | I.P. Stationery and General Suppliers Anamnagar, Kathmandu | Rs. 23,00,860.80 |

***प्रमुख प्रशासकीय अधिकृत***

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
७ असोज २०७९, शुक्रबार
23 September 2022, Friday

सम्पादकीय

## बहकिएको राजनीति र मतदाताको विवेक

चुनाव नजिकिएसँगै दल प्रवेशको लहर चलेको छ । चुनावकै सम्मुखमा देखिएको दल परिवर्तनको कारण अवसर भएको लुक्दैन । एउटा राजनीतिक दलबाट अर्कोमा प्रवेश तीव्र बनेको छ । राजनीतिक व्यक्तिहरूको दल अदलबदललाई स्वभाविक नै मान्न सकिन्छ । राजनीतिक निष्ठा फरक कुरा भयो, तर राजनीतिक दृष्टिले हेर्दा दल चयन गर्ने अधिकार हरेक व्यक्ति छ । राजनीतिक व्यक्ति पनि नागरिक भएकाले दल परिवर्तन गर्ने अधिकार सुरक्षित छ । त्यसरी दल परिवर्तन गर्नुमा चुनावी हिसाब नै मुख्य हो । एउटा पार्टीबाट टिकट नपाउने सम्भावना नदेखेका वा त्यो पार्टीमा भविष्य नदेखेपछि अर्को पार्टीमा प्रवेश नौलो कुरा नै भएन । टिकटको सुनिश्चितता गरेर पार्टी प्रवेश गर्ने प्रवृत्ति कायम छ । त्यस्तैमा बिहीबार पूर्व आईजीपी सर्वेन्द्र खनाल एमाले प्रवेश गरेका छन् ।

२०७४ कै चुनावमा आइजीपी हुन नपाएपछि नवराज सिलवालले एमाले रोजेका थिए । एमालेबाटै उनी सांसद पनि भए । अहिले खनाल पनि एमाले प्रवेश गरेका छन् । एमालेमै भविष्य देखेर उनी प्रवेश गरेको हुनसक्छ । पूर्व प्रहरी प्रमुखकै पार्टी प्रवेशले केही प्रश्न अवस्य उठ्नेछ । तर यसलाई चुनावी रौनककै रूपमा नै बुझ्नुपर्ने हुन्छ । दलहरूले पनि आँखा चिम्लेर पार्टी प्रवेश गराइरहेका छन् । विशेषगरी सत्तारूढ गठबन्धनले साझा उम्मेदवारी दिने तयारी गरेपछि एमालेले प्रवेशलाई प्राथमिकतामा राखेको देखिन्छ । जसरी पनि चुनाव जित्ने नीति लिएरै फरक राजनीतिक विचारधारा भएपनि नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाले गठबन्धनको निर्णय गरिसकेका छन्, स्थानीय चुनाव लडिसकेका छन् ।

जसरी पनि चुनाव जित्ने नीति अन्तर्गत अहिले राष्ट्रिय मुद्दाहरू विवादित बन्न पुगेको छ । नागरिकता विधेयकमा सरकार र राष्ट्रपतिबीच देखिएको मतभेद वा विपक्षी एमालेले लिएको अडानलाई पनि चुनावलाई ध्यान दिएर चालेको कदमकै रूपमा लिन सकिन्छ । यदि चुनावी एजेण्डा नबनाइएको थियो भने प्रधानन्यायाधीशविरूद्धको महाअभियोग, नागरिकता विधेयक जस्ता विषयमा राष्ट्रिय सहमति जरूरी थियो । नागरिक विधेयक २०७२ को संविधानकै शृङ्खला भएकाले राष्ट्रिय सहमति अझ जरूरी थियो । तर त्यस्तो भएन । मत तान्ने दाऊ दल र तिनका नेताहरूले लिएका छन् । तर ध्यान दिनुपर्ने विषय भनेको चुनावमा सस्तो लोकप्रियता भन्दा पनि वास्तविक तथ्यको आधार हुनुपर्ने हो । दलहरूले यसतर्फ ध्यान नदिएपनि मतदातासँग अझै अवसर छ, आगामी चुनावमा त्यस्तो अभिमत प्रकट गर्नुले नै मुलुकका निम्ति हित हुनेछ ।

# चुनाव र राजनीतिक अस्थिरता

*आगामी चुनावले स्थायित्व दिन्छ भन्नेमा सुनिश्चितता छैन । जे-जस्तो परिस्थिति र शैलीमा चुनाव हुँदैछ त्यसले थप देश र जनतालाई अहिलेकोभन्दा बढी अनिश्चिततामा धकेल्ने सम्भावना छ ।*

अग्रलेख



● विष्णु पन्त

आगामी मंसिर ४ मा प्रतिनिधि र प्रदेशसभाको चुनाव हुँदैछ । चुनावले राजनीतिक स्थिरता र स्थायित्व दिने अपेक्षा गरिएको छ । मूलधारका राजनीतिक शक्तिले यसलाई स्थायित्वको अर्को खुड्कीलोको रुपमा पनि व्याख्या गरेका छन् । तर, आगामी चुनावले स्थायित्व दिन्छ भन्नेमा सुनिश्चितता छैन । जे-जस्तो परिस्थिति र शैलीमा चुनाव हुँदैछ त्यसले थप देश र जनतालाई अहिलेकोभन्दा बढी अनिश्चिततामा धकेल्ने सम्भावना छ । अनिश्चितताको कारण संसदीय राजनीतिमा देखिएको विभाजन हो ।

यो चनाव मूलतः दुई ध्रुवमा केन्द्रित हुँदै छ, त्यो हो : एमाले वा एमाले विरोधी गठबन्धन । वास्तवमा यो प्रश्न वा चुनाव देश र जनताका लागि निरर्थक, औचित्यहीन र असान्दर्भिक छ । यही निरर्थक र अर्थहीन परिणामका लागि राज्यकोषबाट १० देखि २० अरब खर्च हुँदै छ । चुनावकै कारण एकातर्फ देश गम्भीर आर्थिक संकटमा फस्दै छ भने अर्कोतर्फ राजनीतिक रुपमा देश थप विभाजित हुँदैछ । यसले थप समस्याको सिर्जना गर्ने कुरामा निश्चित छ । त्यसको अर्थ परिस्थितिको माग हुन्छः सबै मिलेर समस्याको दिर्घकालिन खोजी गर्नुपर्छ । प्रगतिशील तथा क्रान्तिकारी शक्तिले नयाँ विकल्पबारे बहस छेड्नुपर्छ । अहिलेको चुनाव केवल सत्ता वा कुर्सीको लडाईं मात्रै हो । प्रतिशोघ, पूर्वाग्रह र अहंकारको लडाईंले देशलाई झनै ठूलो खाल्डोमा लैजान्छ । त्यसकारण आगामी चुनावले देशमा राजनीतिक अस्थिरताको विजारोपण गर्ने छ । अहिले न त एमाले न त नेकाको बहुमत आउने अवस्था छ । कसैको पनि बहुमत पुगेन भने सरकार ढाल्ने र बनाउने खेल मात्रै चल्नेछ । जसले विदेशी शक्तिहरुलाई आमन्त्रण गर्नेछ । कसैको पनि बहुमत नहुँदा के हुन्छ हामीले भोगी आएकै कुरा हो । राजनीतिक अस्थिरताको बीचबाट देशले भोग्ने क्षति र संकट मात्र हो ।

हाम्रो राजनीतिक नेतृत्वमा देशप्रतिको इमानदारिता र प्रतिबद्धतामा खडेरी लागेको छ । देशभन्दा ठूलो सत्ता, गुट र परिवारवाद बनेको छ । विचारको हिसाबले भन्ने हो भने अराजकतावादमा धकेलिएको छ । देशमा सर्वत्र बेथिति, विकृति र विसंगतिहरु मात्र भरिएका छन् । मुख्य चुनाव एमाले वा सत्ता गठबन्धन भन्नेमा हुँदैछ भने त्यसको परिणामले देशलाई कुनै निकाश दिँदैन । निश्चित छ यो चुनावी परिणामले देशलाई झनै संकटमा फसाउने छ । देशलाई थप अनिश्चिता र अस्थिरतामा लैजानेछ । अहिलेको समस्याभन्दा आउने समस्या झन् ठूला हुनेछन् ।

### मुख्य संकट एकातिर राजनीति अर्कोतिर

आज देशका सामु मुख्यगरी तीन वटा संकटहरु देखिन्छन् । १. जसलाई संसदीय व्यवस्थाले उत्पन्न गरेका पुरानै संकटहरु जस्तै भ्रष्टाचार, महँगी, जस्ता बेथितिहरु राष्ट्रियताको संकट, वैदेशिक हस्तक्षेप, दलालीकरण र राजनीतिक अस्थिरता जस्ता समस्याहरु छन् । २. विश्वव्यापी रुपमा बढेको आर्थिक मन्दीको उच्च जोखिम । हामी श्रीलंका बन्ने खतराको नजिक छौं । ३. चीन र अमेरिकाबीचको द्वन्द्वमा हामी युक्रेन बन्ने खतरा छ । वास्तवमा पहिलो समस्या नै हाम्रो लागि काफी भएको अवस्थामा थप दुईवटा गम्भीर संकट र चुनौतीहरु थपिएका छन् । यस्तो अवस्थामा पनि नेतृत्वको गम्भीरता दखिएको छैन । यी सबै संरचनाको जड संसदीय व्यवस्था र यसको नेतृत्व हो । संसदीय पार्टीहरु केबल आफ्नो सत्ता र संसदीय अंक गणितमा केन्द्रीत भएर राजनीति गरिरहेका छन् । त्यसकारण यी संकटबाट देशलाई बचाउनु पर्छ भन्ने राजनेता जन्मिनै सकेन ।

गत स्थानीय चनावबाट जनताले एउटा सुझाव दिएका छन् कि



> *आगामी चुनावमा कुनै पनि दलको बहुमत नपुग्ने र यसअघि जस्तै सांसद किनबेच अनि दलीय घात प्रतिघात हुने निश्चित छ । चुनावले दलहरूको वर्तमान अन्तरविरोधलाई पनि हल गर्ला भनेर भन्ने अवस्था छैन । प्रत्येक पार्टीभित्र गुटै गुट अथवा पार्टीभित्रै अर्को पार्टी छ । जसकारण चुनावमा ती गुटहरू अझ सक्रिय हुने र पार्टीलाई थप कमजोर बनाउने अवस्था आउन सक्छ ।*

